# फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम — कोशी प्रदेश, नेपाल


पत्र संख्या : २०८१/८२ — मिति : २०८१-०७-२९

चलानी नं. : — ने.सं - ११४५ कछलाथ्व, १३ बिहिवार

---

**विषयः तेह्रथुम बहुप्राविधिक शिक्षालय, इवा आठराई, तेह्रथुममा छात्रवृत्ति सहितको अध्ययनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा फेदाप गाउँपालिका र तेह्रथुम बहुप्राविधिक शिक्षालय, इवा आठराई, तेह्रथुम बीच भएको सम्झौता अनुसार ~~आगामी~~ ८१/८२ शैक्षिक सत्रमा पशुस्वास्थ्य सेवा सम्बन्धी छात्रवृत्ति सहितको अध्ययनको कार्यक्रम रहेको हुँदा निम्नअनुसारको योग्यता पुगेका फेदाप गा.पा.मा स्थायी बसोवास भएका व्यक्तिले निम्नअनुसारको कागजातसहित मिति २०८१/०८/०५ गते भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. अध्ययन कार्यक्रम र कोटाः
   - पशुस्वास्थ्य तर्फको डिप्लोमा तह (३ वर्षे) -५ जना

२. शिक्षालयमा लाग्ने पढाई शुल्क गाउँपालिकाले उपलब्ध गराउने र होस्टेल सुविधा बहुप्राविधिक शिक्षालयले उपलब्ध गराउने ।

३. आवश्यक योग्यताः
   - १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको हुनुपर्ने
   - SEE परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने

४. आवश्यक कागजातहरुः
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - SEE परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि

.............................

विष्णुप्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत